का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक १५१
- १ साउन २०७८, शुक्रबार
- 16 July 2021, Friday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक



बाढीबाट विनाश: मेलम्ची बजारमा गएको १ असारमा लेदोसहित आएको बाढीले यहाँका धेरै घरहरुमा भित्र पसेको छ । अझै पनि सडक, घर, विद्यालय लगायत सार्वजनिक भवन र स्थानमा लेदो हटिसकेको छैन । तस्वीर: सञ्चिता घिमिरे

## अल्पमतमा परेपछि बहिष्कार !

बजेट पास गर्न सत्तारुढ दलसँग बहुमत पुग्ने नदेखिएपछि सत्तारुढ दलका सांसदहरु बैठक हलबाट बाहिरिएका थिए । त्यसअघि मुख्यमन्त्री शंकर पोखरेलले बजेट पारित गर्न सहयोग गर्न विपक्षी दलहरुसँग अनुरोध गरेका थिए ।




**आचार्य प्रदीप/मध्यान्ह**
बुटवल, ३१ असार

संसदमा निर्णयार्थ पेश हुनुअगावै सत्ता पक्षले प्रदेश सभा बहिस्कार गरेपछि लुम्बिनी प्रदेशको बजेट अलपत्र परेको छ बजेटमाथिको छलफल सकिएर सभामुखले निर्णयार्थ प्रक्रियामा प्रवेश गराउनुअघि सत्तापक्षले बैठक बहिस्कार गरेका छन् । बजेट पास गर्न सत्तारुढ दलसँग बहुमत पुग्ने नदेखिएपछि सत्तारुढ दलका सांसदहरु बैठक हलबाट बाहिरिएका थिए ।

त्यसअघि मुख्यमन्त्री शंकर पोखरेलले बजेट पारित गर्न सहयोग गर्न विपक्षी दलहरुसँग अनुरोध गरेका थिए । एमाले प्रमुख सचेतक भूमिश्वर ढकालले पनि दलहरुबीच सहमति कायम गरी बजेट पारित गर्नका लागि छलफलका लागि समय मागेका बाँकी पृष्ठ २ मा

### माधव समूहको चिन्ता

## संसद् जोगाउने कि पार्टी ?

प्रतिनिधिसभा बचाउँदै संविधानको रक्षा गर्न भन्दै नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन हस्ताक्षर गरेका नेकपा एमालेका बरिष्ठ नेता माधवकुमार नेपाल समूह सामुन्ने अर्को संकट आइलागेको छ- संसद् जोगाउने कि पार्टी ?

**सन्दीप विक/मध्यान्ह**
काठमाडौं, ३१ असार ।

सत्तारुढ गठबन्धनको बैठक बिहीबार सिंहदरबारमा बसेको छ । प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी सहभागी बैठकले सरकारलाई पूर्णता दिने लगायतबारे छलफल गरेको छ । तर बिहीबारको बैठकमा नेकपा एमालेका बरिष्ठ नेता माधवकुमार नेपाल भने अनुपस्थित रहे । यसअघि यो गठबन्धनमा नेता नेपाल प्रमुख नेता मध्ये एक थिए ।

७ जेठमा केपी शर्मा ओलीले प्रधानमन्त्रीको हैसियतमा प्रतिनिधिसभा विघटन गरे यता यो गठबन्धनका हरेक कार्यक्रममा नेता नेपाल उपस्थित हुने गरेका थिए । तर बिहीबारको बैठकमा भने नेता नेपाल अनुपस्थित रहे । उनको सचिवालय स्रोतका अनुसार नेता नेपालले सर्वोच्च अदालतबाट प्रतिनिधिसभा पुनर्स्थापना भएपछि गठबन्धनको बैठकमा नआउने बताएका थिए । त्यसैले बिहीबारको बैठकमा अनुपस्थित रहे ।

तर उनी तर्फका अर्का नेता त्यहाँ उपस्थित थिए । नेकपा एमाले विभाजन गर्नुपर्ने अडान लिदै आएका केन्द्रीय सदस्य विजय पौडेल गठबन्धनको बैठकमा सहभागी भएका थिए । यो दृष्यले माधव समूहमा अलमलमा रहेको प्रष्ट हुन्छ । हुन पनि देउवा प्रधानमन्त्री नियुक्त हुनुमा माधव समूहका २३ सांसदको हस्ताक्षरले महत्वपूर्ण भूमिका खेलेको छ ।

संविधानको धारा ७६ (५) बमोजिम देउवालाई प्रधानमन्त्री बनाउन हस्ताक्षर गर्ने १४६ मध्ये माधव समूहका २३ सांसद थिए । यी सांसदहरुले प्रतिनिधिसभा पुनर्स्थापना गर्दै देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेशको माग गरेका थिए । नभन्दै अदालतबाट माग



दावीअनुसार फैसला आएको छ । यसलाई लिएर एमालेका अध्यक्ष ओली भने रुष्ट हुँदै आएको छ । ओलीले लगातार नेता नेपाल विरुद्ध अभिव्यक्ति दिदै आएका छन् भने उनी समर्थकहरुले देशभर प्रदर्शन गरिहेका छन् ।

जबकी अदालतको फैसला आउनुअघिल्लो साँझ मात्रै एमाले एकता कायम राख्न दश बुँदे सहमति जुटेको थियो । तर अदालतको फैसला पछि ओलीले माधव नेपाल विरुद्ध कठोर आरोप लगाइरहेका छन् । उनले शुक्रबार एमाले संसदीय दलको बैठक समेत बोलाएका छन् ।

आगामी साउन ३ गते बस्ने प्रतिनिधिसभाको बैठकबारे छलफल गर्न संसदीय दलको बैठक बोलाइएको प्रमुख सचेतक विशाल भट्टराईले बताए ।

तर ओलीले बोलाएको दलको बैठकले भने एमालेको एकता संकटमा परेको छ । सत्तारुढ गठबन्धनलाई साथ दिए एमालेको एकता नजोगिने खतरा छ भने देउवालाई विश्वासको मत नदिए फेरि पनि मुलुक मध्यावधिमा जाने संभावना छ । त्यसैले पनि नेता नेपाल समूहमा संकट देखिएको छ ।

## कर्णालीमा अध्यादेशबाट बजेट

गएको १ असारमा आगामी आर्थिक वर्ष २०७८/७९ का लागि रु ३६ अर्ब ५४ करोड ६६ लाखको बजेट प्रदेशसभामा प्रस्तुत भएको थियो । तर पटक पटक बसेको बैठकमा बजेटमाथिको छलफल हुन सकेन । यसपछि प्रदेश सरकारले अध्यादेशबाट बजेट ल्याउने बाटो रोजेको हो ।

सुर्खेत/रासस- कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७८/०७९ को बजेट अध्यादेश ल्याइएको छ । प्रमुख प्रतिपक्ष दल नेकपा एमालेको अवरोधका कारण बैठकमा छलफल हुन नसक्दा सरकारले अध्यादेशबाट बजेट ल्याइएको हो । बिहीबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले अध्यादेशबाट ल्याउने निर्णय गरेको हो ।

प्रदेशसभाबाट बजेट आउन सक्ने अवस्था नदेखिएपछि सरकारले अध्यादेशबाट बजेट ल्याउने निर्णय गरेको आर्थिक मामिला तथा योजनामन्त्री गोपाल शर्माले बताए । गएको १ असारमा आगामी आर्थिक वर्ष २०७८/७९ का लागि रु ३६ अर्ब ५४ करोड ६६ लाखको बजेट प्रदेशसभामा प्रस्तुत भएको थियो । तर पटक पटक बसेको बैठकमा बजेटमाथिको छलफल हुन सकेन । यसपछि प्रदेश सरकारले अध्यादेशबाट बजेट ल्याउने बाटो रोजेको हो ।

गत वैशाख ३ गते नेकपा एमालेका प्रदेशसभा सदस्य प्रकाश ज्वाला, अम्मरबहादुर थापा, नन्दसिंह बुढा र कुर्मराज शाहीले फ्लोर क्रस गरेर मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको पक्षमा विश्वासको मत दिएका थिए । मुख्यमन्त्रीलाई विश्वासको मत दिएर पार्टीको निर्देशन विपरीत कार्य गरेको भन्दै नेकपा एमालेले कर्णाली प्रदेशसभा संसदीय दलको सिफारिसमा उनीहरुलाई वैशाख १० गते पार्टीको साधारण सदस्य नरहने गरी निष्काशन गरेको थियो । तीमध्ये प्रकाश ज्वालाबाहेक बुढा, थापा र शाहीलाई मुख्यमन्त्री शाहीले मन्त्री बनाउनुभएको थियो । एमालेबाट कारवाही भएका तीन मन्त्री भएपश्चात् प्रमुख प्रतिपक्षको भूमिकामा पुगेको एमालेले जेठ २४ गते बसेको प्रदेशसभाको आठौं अधिवेशनदेखि संसदीय मर्यादा, सरकारका कामका विषयमा कुरा उठाउँदै सदन अवरुद्ध गर्दै आएको आयो ।

सर्वोच्च अदालतको आदेशबाट जेठ २७ गते पुनर्बहाली भएका सदस्य ज्वालासहित तीन मन्त्री प्रदेशसभाको बैठकमा गएका छैनन । पार्टी संसदीय दलले विपक्षी सिटमा बस्न निर्देशन गरेको र प्रदेशसभा सचिवालयले समेत प्रतिपक्षी लहरमा सिट व्यवस्था गरेपछि नीति तथा कार्यक्रमको मतदान र बजेट प्रस्तुत कार्यक्रममा उनीहरु अनुपस्थित रहँदै आएका छन् ।

सरकारमा सहभागी एमालेका बुढा, थापा र शाहीले आफूहरू सरकारमा सहभागी भएकाले सत्तापक्षको कुर्सीमा बस्न पाउनुपर्ने माग गर्दै आएका छन् । एमाले संसदीय दलले भने उहाँहरूलाई प्रतिपक्षीको कुर्सीमा बस्न निर्देशन दिएको छ । “हामीले मन्त्रीलाई बाँकी पृष्ठ २ मा

## खाडी मुलुकमा लामो पर्व बिदा, मर्यादामा बस्न कामदारहरूलाई दूतावासको आग्रह

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३१ असार ।

नेपाली कामदारको प्रमुख गन्तब्य खाडी मुलुकहरुमा ईद-अल-अदाका अवसरमा लामो बिदा परेको छ। कतारले इद अल-अदा (बकर इद) को अवसर पारेर सरकारी तथा सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारीलाई आठ दिन र निजी क्षेत्रमा काम गर्नेलाई चार दिन छुट्टि दिने निर्णय गरेको छ । जुलाई १८ अर्थात आगामी आइतबारदेखि २५ जुलाइसम्म सरकारी कार्यालयमा बिदा दिने घोषणा गरिएको छ ।

उता नेपाली कामदार जाने अर्को प्रमुख गन्तब्य यूएई सरकारले इद अल-अदाको अवसरमा चार दिनको बिदा दिएको छ। १९ जुलाई सोमबारदेखि २२ जुलाई बिहीबारसम्म बिदा दिने घोषणा गरिएको छ भने त्यस लगत्तैका दुई दिन नियमित साप्ताहिक बिदा परेकाले यूएईमा १९ देखि २४ जुलाईसम्म बिदा हुने छ । यूएईमा २५ जुलाईपछि कार्यालयहरु नियमितरुपमा सञ्चालन हुने बताइएको छ ।

कतारस्थित नेपाली दूतावासले स्थानीयस्तरमा महत्वका साथ मनाइने ईद-अल-अदाका अवसरमा मर्यादित




व्यवहार गर्न नेपाली समुदायलाई आग्रह गरेको छ। कतिपय नेपालीले मदिराजस्ता निषेधित पेय पदार्थ सार्वजनिक स्थलमा सेवन तथा बेचबिखन गर्नसक्नेतर्फ सचेत गराउँदै नेपाली दूतावासले कतारको धर्म, संस्कृति, परम्परा र मान्यताविपरीत कुनै पनि कार्य नगर्न आग्रह गरेको छ ।

पछिल्लो समय कतारमा केही नेपालीहरू अवैधरुपमा मदिरा उत्पादन गरी लुकीछिपी नेपाली समुदायमा बिक्री गर्ने गरिएको विषय चर्चामा आएको बेला दूतावासले त्यसमा चासो राख्दै संयमित हुन नेपाली कामदारहरुलाई आग्रह गरेको हो ।

बिदा मनाउने क्रममा नेपालीहरु निषेधित खाद्य तथा पेय पदार्थ सेवन गरेर भैझगडा गर्दा हिंसाका घटना समेत हुने गरेका छन् । कतारमा संस्थागत अर्थात म्यानपावर कम्पनीबाट जाने भन्दै आजाद भिसामा गई उतै रोजगारी खोज्नेहरु र अवैधरुपमा बसिरहेका नेपालीहरुले जिवीका चलाउने नाममा अवैध मदिराको उत्पादन तथा बिक्री गर्दा स्थानीय प्रशासनको नजरमा नेपाली समाज नै बद्नाम हुने खतरा बढेको कतिपयको भनाइ छ ।

त्यस्तै कुवेतमा गैरकानुनीरुपमा मदिरा व्यापार गरेको आरोपमा पटक-पटक नेपाली कामदारहरु पक्राउ परेका छन् । केही समयअघि कुवेतको साल्मी बन्दरगाह नजिकै एउटा अपार्टमेन्टमा अवैधरुपमा गोप्य तरिकाले घरेलु मदिरा उत्पादन गरिरहेको अवस्थामा कुवेत प्रहरीले नियन्त्रणमा लिएर ठूलो परिमाणमा मदिरा बरामद भएको घटनालाई स्थानीय सञ्चारमाध्यमहरुले गम्भीरताका साथ लिएका थिए ।

कुवेतमा अवैध मदिरा उत्पादन तथा बिक्रीका कारण नेपाली समुदाय बद्नाम हुँदै गएको बताइएको छ । यसै वर्षको शुरुमा अवैध घरेलु मदिरा बनाएर बिक्री गर्ने नेपाली गिरोह नै पक्राउ परेको थियो ।



## कपिलवस्तु डायरी

इमरान खान/मध्यान्ह

# डाक्टरको लापरवाहीले बालकको मृत्यु भएको भन्दै कारबाहीको माग




कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका - ९ बहादुरगन्जमा रहेको शिवराज अस्पतालमा प्रशासनको लापरवाहीका कारण ५ वर्षीय एक बालकको मृत्यु भएको छ। मंगलवार राति कृष्णनगर - १ डुमाई घर भएका मन्टु उपाध्यायको ५ वर्षिय छोरा एस उपाध्यायको उपचारको क्रममा ज्यान गएको हो। मृतक एस उपाध्यायलाई राति सर्पले टोकेको थियो। सर्पले टोकेको थाह पाए पछि उपचारका लागि बालकलाई शिवराज अस्पतालमा लगेपछि उपचारका क्रममा लापरवाही भएको पीडित परिवारले जनाएका छन्। उपचारका क्रममा अस्पतालका अ.हे.व. योगेश चन्द्र वि.क.ले लापरवाही गर्दा बालकको मृत्यु भएको पीडित परिवारका सदस्य गुड्डु उपाध्यायले बताए। इमर्जेन्सी वाडमा भर्ना गरेर उपचारमा संलग्न भएका अहेव वि.क.ले उपचार भन्दा धेरै मोबाइलमा कुराकानी तिर ध्यान दिंदा बालकले ज्यान गुमाउनु परेको मृतकका परिवारले आरोप लगाएका छन्। उनीहरुले कोभिड कर्मचारीको र प्रशासनको लापरवाहिले आफ्नो छोराको ज्यान गएको भन्दै परिवारले लापरवाही गर्ने कर्मचारीलाई कारवाही गर्न माग गरेको छ। अस्पताल व्यवस्थापन समितिले पनि बालकको उपचारमा कमजोरी भएको भन्दै दुई जना कर्मचारीलाई कारवाहि गरेको छ अस्पताल व्यवस्थापन समितिका अध्यक्ष तथा कृष्णनगर प्रमुख रजत प्रताप शाहले बताए।

पीडित परिवारले सघर्ष समिति गठन गरि दोषिलाई कारबाहीको माग गरेका छन्। अस्पताल व्यवस्थापन समितिका अध्यक्ष र पिडित परिवारको छलफलले अहेव योगेश विश्वकर्मा र कार्यालय सहयोगी टेकनारायण थारुलाई कारवाही गर्दै नगरपालिकामा तानेको शाहले बताए। यस्तै अस्पतालका कार्यवाहक अध्यक्ष निर्भय सिंहको पद खोसिएको छ। भोलेन्टीयरको रुपमा अस्पतालमा कार्यरत बादल सिंहलाई अस्पताल प्रवेशमा रोक समेत लगाइएको छ। स्वास्थ्य बिमा संयोजक अरुण कुमार चौधरीलाई कार्बाही गर्दै नगरपालिकामा तानिएको अस्पतालका अध्यक्ष रजत प्रताप शाहले जानकारी दिए।

दोषि उपर छानबिन गरी पीडितलाई न्याय दिनु पर्ने अस्पताल विकास समितिका पूर्व अध्यक्ष दिपक शुक्लले बताए। उनले भने, 'यस्तो ज्यानै जाने गरी भएका घाटनाले अस्पताल प्रति नागरिकको विश्वास घट्छ, त्यसैले छनबिन हुनुपर्छ।'

बालकको ज्यान गएपछि स्थानीय युवाहरु समेत अस्पताल प्रति अक्रोस व्यक्त गरेका छन्। घटनाको सत्यतथ्य छनबिन र पीडित परिवारलाई क्षतिपूर्ति दिनुपर्ने स्थानीय युवा नवाब शाहले बताए। यदि अस्पतालले पीडितलाई न्याय नदिए सशक्त आन्दोलन गर्ने युवानेता शाहले बताए।

## कपिलवस्तुमा साउन ३ गते देखि सबै वडाका ९६ स्थानमा भेरोसेल खोप दिइने

कपिलवस्तुमा भेरोसेल खोप साउन ३ गतेदेखि सबै वडाका ९६ स्थानबाट दिइने भएको छ। जिल्ला कोभिड व्यवस्थापन समिति र जिल्ला सुरक्षा समितिको बिहीबार बसेको बैठकले यस्तो निर्णय गरेको हो।

साउन ३ गते आइतबारदेखि ३ दिन अर्थात ५ गतेसम्म (खोप नसक्दासम्म) सबै वडाका (९६ ठाउँ) स्वास्थ्य संस्थाबाट यो खोप दिन लागिएको बताइएको छ।

सरकारले ५४ वर्षदेखि ५९ उमेर समूहका व्यक्ति तथा औषधी पसल, फलफूल, तरकारी पसल, खाद्यान्न पसल, होटल, रेष्टुरेन्ट संचालक, पेट्रोलियम ढुवानी र सार्वजनिक यातायात चालक, सहचालक, शिक्षक, विदेश जान भिसा प्राप्त व्यक्ति र पहिले प्राथमिकतामा परेका तर छुटेका व्यक्तिहरूलाई पहिलो डोज दिने जनाएको छ। जिल्लामा ३४ हजार ३४ डोज खोप आएको र त्यसको लागि सिमित उमेर समूह र पेशा तोकिएको प्रमुख जिल्ला अधिकारी चक्रपाणी पाण्डेले बताए।

यस्तै बाणगङगा नगरपालिकाले पनि साउन ३ गतेदेखि ५ गतेसम्म पालिकाभित्र रहेका वडामा सम्पूर्ण स्वास्थ्य केन्द्रबाट खोप दिने स्वास्थ्य शाखा प्रमुख ठगराज पौडेलले जानकारी दिए। खोप लगाउन जाँदा अनिवार्य रुपमा परिचयपत्र पनि लिएर जान समेत अनुरोध गरिएको छ।

## कन्चनपुर डायरी

गोमती पाल/मध्यान्ह

### भीमदत्तको तिल्केनीमा एक जनाको हत्या

भीमदत्त नगरपालिका- १० तिलकेनीमा एक स्थानीयको हत्या भएको छ। तिल्केनीमा स्थानीय बिरराम लुहारको हत्या भएको हो।जिल्ला प्रहरी कार्यालयका अनुसार बुधबार राति गिरीधारी लुहारको कुटाईबाट लुहारको ज्यान गएको छ। हत्यामा संलग्न गिरीधारीलाई पक्राउ गरिएको छ। मृतक लुहारको शव महाकाली अस्पताल ल्याइएको छ। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक शिद्धराज न्यौपानेले लुहारलाई हिरासतमा राखेर अनुसन्धान थालिएको मध्यान्हलाई बताए। 'कुटपिटबाट हत्या गरिएको खुल्न आएको छ' प्रवक्ता न्यौपानेले भने, हिरासतमा राखेर अनुसन्धान अघि बढाएका छौं।' दुई जनाबीच विवादको कारण भने बाहिर आउन सकेको छैन।

### बेलडाँडीबाट खैरो हिरोइनसहित बेदकोटका दुई जना पक्राउ

महेन्द्रनगरको बेलडाँडी गाउँपालिकाका दुई जना लागु औषध खैरो हिरोइन सहित पक्राउ परेका छन्। सशस्त्र प्रहरीको बोर्डर आउट पोष्ट झिलमिला र प्रहरी चौकी झिलमिलाको टोलीले चौबन्नी बजारबाट उनीहरुलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा बेदकोट नगरपालिका २ छेलाका २१ वर्षीय विजय चौधरी र १९ वर्षीय अजय चौधरी छन्। उनीहरुबाट ३ दशमलव ७४० ग्राम खैरो हिरोइन बरामद गरिएको छ। सशस्त्र प्रहरीको बोर्डर आउट पोष्टका सशस्त्र प्रहरी सहायक निरीक्षक नरेन्द्र बहादुर ऐर र प्रहरी चौकी झिलमिलाका प्रहरी नायब निरीक्षक राम बहादुर बोहरा नेतृत्वको टोलीले उनीहरुलाई पक्राउ गरेको हो।

सशस्त्र प्रहरी बल नेपाल नं ३५ गण हेड क्वाटर शैलेश्वरीका सशस्त्र प्रहरी उपरीक्षक विरेन्द्र बहादुर ऐरले सशस्त्र र जनपद प्रहरीको संयुक्त टोलीले उनीहरुलाई पक्राउ गरेको जानकारी दिए। 'चौबन्नी बजारमा गस्ती गर्ने क्रममा शंका लागेर जाँच गर्दा हिरोइन भेटिएको हो' उनले भने,'प्रहरी टोलीले पैदल गस्ती गर्दै थियो।'

पक्राउ परेका दुबै जनालाई इलाका प्रहरी कार्यालय बेलडाँडीको जिम्मा लगाएको छ। उनीहरुले भारतीय सीमावर्ती सहरबाट लागु औषध ल्याएको प्रहरीको दावी छ। भारतसँग खुला सीमा नाकाका कारण बेलडाँडी, बेलौरी, पुनर्वास र दोधारा चाँदनी क्षेत्रबाट लागु औषध सहित अवैध समान आउने गरेका छन्। कञ्चनपुरमा भीमदत्त नगरपालिकाको मुसेट्टीदेखि डोके बजारसम्म खुला सीमा क्षेत्र छ।

### उद्योग वाणिज्य संघमा नयाँ सिडिओलाई स्वागत

कञ्चनपुर उद्योग वाणिज्य संघले कञ्चनपुरका नयाँ प्रमुख जिल्ला अधिकारी राम प्रसाद पाण्डेयलाई स्वागत गरेको छ। संघमा कार्यक्रम गरी प्रमुख जिल्ला अधिकारीसित परिचयात्मक कार्यक्रम गरी स्वागत गरेको छ।

संघका अध्यक्ष जंगबहादुर मल्लको सभापतित्वमा कार्यक्रम गरिएको छ। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी पाण्डेयले प्रमुख जिल्ला अधिकारी पाण्डेले व्यवसायी हकहितका लागि आफू सँधै सक्रिय हुने बताए।

उनले शान्ति सुरक्षा कायम गर्न सबै उद्यमी व्यवसायीले सहयोग गर्न पर्नेमा जोड दिए। उद्योग व्यवसाय प्रवर्द्धन र शान्ति सुरक्षा र आर्थिक समृद्धिका लागि स्थानीय प्रशासन सँधै सहयोगी हुने प्रमुख जिल्ला अधिकारी पाण्डेयको भनाई थियो।

संघका अध्यक्ष मल्लले प्रमुख जिल्ला अधिकारी पाण्डेयलाई उद्यमी व्यवसायीमा समस्या सुनाए। उनले कोरोना महामारीका कारण उद्यमी व्यवसायी धराशायी भएको उल्लेख गर्दै कोरोना खोपमा प्राथमिकता दिन आग्रह गरे।

किसानहरुले सहज रुपमा युरिया मल पाउनु पर्ने, लागु औषध नियन्त्रण गरिनु पर्ने र खुला सीमा नाकाबाट हुने अवैध चोरी निकासी रोक्नुपर्नेमा अध्यक्ष मल्लको जोड थियो।

कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष पिताम्बर जोशीले धन्यवाद दिए। संघका महासचिव वासुदेव जोशीले कार्यक्रम सञ्चालन गरेका थिए। कार्यक्रममा संघका पदाधिकारी, सदस्य सहित कर्मचारी सहभागी भउको संघका कार्यकारी अधिकृत हेमराज भट्टले बताए।

# नेपालगन्जमा रक्तदान कार्यक्रम सम्पन्न, ५४ जनाले गरे रक्तदान

पवन जायसवाल/मध्यान्ह
बाँके, ३१ असार

बाँकेको नेपालगन्जमा बिहीबार रक्तदान कार्यक्रम सम्पन्न भएको छ। समाज सेवा संस्था नेपाल केन्द्रीय कार्यालय कोहलपुर, माइती नेपाल नेपालगन्ज, माइती युवा सञ्जाल, नेपाल रेडक्रस सोसाइटी बाँके शाखाको संयुक्त आयोजनामा भएको रक्तदान कार्यक्रममा महिला पुरुष गरी ५४ जनाले रक्तदान गरेका हुन्। कार्यक्रमका प्रमुख अतिथि तथा नेपालगन्ज उप-महानगरपालिका कार्यालयका नगरप्रमुख डा. धवल शम्शेर राणा र विशिष्ठ अतिथि जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी प्रमुख प्रहरी उपरीक्षक श्याम कृष्ण अधिकारीले संयुक्त रुपमा रगत संकलन गर्ने पाकेट प्राविधिकलाई हस्तान्तरण गरेका थिए।

सो कार्यक्रममा जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले रक्तदान जीवनदान मूल नाराका साथ १ पिन्ट रगत दिएर कार्यक्रमको उद्घाटन गरेका थिए।

उद्घाटनका क्रममा प्रमुख अतिथि तथा नेपालगन्ज उप-महानगरपालिका कार्यालयका नगर प्रमुख डा.धवल शम्शेर राणाले शरीरमा रहेको रगत ३ महिनापछि आफैं खेर जाने भएकोले तपाईको १ पिन्ट रगतबाट कसैको जीवन बाँच्छ भने अवश्य रक्तदान गर्नै गर्नै भन्दै आग्रह गरेका थिए।

रक्तदान कार्यक्रममा समाज सेवा संस्था नेपाल केन्द्रीय कार्यालय कोहलपुरका अध्यक्ष बिनोद थापा, माइती युवा सञ्जालका अध्यक्ष मेघबहादुर खत्री, अनुप योगी, भूपेन्द्र रोकाया, प्रकाश विक, गणेश खडका, खुम लाल, पूजा खत्री, तिलक घिमिरे, कुल बहादुर विक, गौरव सवेदी, जयराम केसी, प्रकाश कुमार केसी, श्याम कुमार मगर, नारायण गिरी, सर्मिला थापामगर, तिलबहादुर राना, सुरेन्द्र बुढाथोकी, रामचन्द्र रैदास, प्रकाश गिरी, खिमबहादुर डाँगी, कृष्ण अधिकारी, सुरज पौडेल, जितबहादुर चौधरी, हेमन्त कुमार चौधरी, लच्छुराम, अमरबहादुर थारु, गणेश कुमार चौधरी, चन्द्र प्रकाश काँदु, गणेश राई, बालकृष्ण केसी, बल नेपाली, करनबहादुर मल्ल, विपिन घर्तीमगर, सुशान्त सुवेदी, मेघबहादुर खत्री, सुरेश चौधरी, लोकेन्द्रराज शाही, रमिता चौधरी, मनी बुढा, रोशनी रोकामगर, भरत सिंह, रमिता चन्दा ठाकुरी, शंकर खत्री,अभिशेष चौधरी, बासुदेव ओली, गंगा शाही, जगदीश थारु, लक्ष्मी शाही, निर्मल साहु, शंकर चन्द ठकुरी, जागेश्वरी चौधरी, आयुश न्यौपाने, अमृता केसी लगायत महिला पुरुष गरी ५४ जनाले रक्तदान गरेका थिए।

कार्यक्रममा विशिष्ठ अतिथि जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी प्रमुख प्रहरी उपरीक्षक श्याम कृष्ण अधिकारी र अन्य सामाजिक संघसंस्थाका अगुवाहरुमा समाज सेवा संस्था नेपाल केन्द्रीय कार्यालय कोहलपुरका अध्यक्ष विनोद थापा, माइती नेपाल नेपालगन्जका संयोजक केशव कोइराला, माइती युवा सञ्जालका अध्यक्ष मेघबहादुर खत्री, नेतृत्वका अध्यक्ष सुरेन्द्र चलाउने, माइती नेपालका पुष्पा सुनार, भिष्म प्रसाद लोध लगायतको सहभागिता रहेको थियो।

बर्दियाको बढैयाताल गाउँपालिका निवासी निर्मल साहू आफू दुर्घटना परी खुट्टामा पट्टी समेत बाँधेर रक्तदान गर्न आएका थिए।

प्रादेशिक रक्तसंचार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मीका अनुसार अहिलेको समयमा दैनिक २०-३० पाकेट रगत बिरामीहरुलाई चाहिएको छ। तर रक्तदान गर्नका लागी हामी सबै संघसंस्थाहरुलाई अनुरोध गरिएको उनले बताए। कहिलेकाँही बिरामीका मानिसहरुले रिसाउँछन् तैपनि हामी नम्रतापूर्वक सम्झाउने बुझाउने गरेको उनको भनाइ छ।

# सशस्त्र प्रहरी महानिरीक्षक खनालबाट दर्ज्यानी चिन्ह प्रदान

**काठमाडौं/मस-** सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हलचोक स्वयम्भूमा असार ३१ गते आयोजित विशेष समारोहका बीच सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले सशस्त्र प्रहरी नायब महानिरीक्षक पदमा पदोन्नती भएका दुई जना अधिकृतहरुलाई उल्लेखित दर्जाको दर्ज्यानी चिन्हबाट सुशोभित गरेका छन्।

नेपाल सरकार उपप्रधान तथा गृहमन्त्रीस्तरको असार २९ गतेको निर्णयले सशस्त्र प्रहरीका वरिष्ठ उपरीक्षकद्वय कालीदास धौबजी र कुमार न्यौपानेलाई सशस्त्र प्रहरी नायब महानिरीक्षक पदमा पदोन्नती गरेको हो।

सो अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक खनालले संगठनमा रहेर आफ्नो नियुक्तिका क्षेत्रहरुमा अनुशासित र इमान्दारितापूर्वक व्यवसायिक ढंगबाट जिम्मेवारी निर्वाह गरि शान्ति सुरक्षा तथा सेवा प्रवाहमा पुऱ्याएको योगदानको कदर स्वरुप पदोन्नती प्राप्त भएको उल्लेख गर्दै दर्जा प्राप्त भएकोले थप जिम्मेवारी निर्वाहमा अरु बढि कृयाशिल रहँदै इमान्दारितापूर्वक कार्यसम्पादनमा जुट्न निर्देशन समेत दिएका थिए।

उनले पदोन्नती वृद्धि विकासको महत्वपूर्ण पाटोको रुपमा रहेको चर्चा गर्दै कमाण्डर तहका अधिकृतहरुले मातहतका कर्मचारीहरुलाई समेत अनुशासन, इमान्दारीता, कर्तव्यनिष्ठ बनाइ उच्च मनोबल प्रदान गरी स्तरीय ढंगले परिचालित गर्दै राष्ट्रको सुरक्षा, नागरिकको सेवा, विपद् प्रकोप, पीडितको उद्धार, सीमा सुरक्षा, चोरीपैठारी तथा निकासी नियन्त्रण लगायत राज्यप्रदत्त विविध जिम्मेवारीका क्षेत्रहरुमा पूर्ण व्यवसायिक भई कृयाशिल रहन निर्देशन दिएका छन्।

राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुले विश्वव्यापी महामारीका समय होस वा विभिन्न भौगोलिक क्षेत्रमा रहि कठ्यांग्रीने जाडो तथा प्रचण्ड गर्मी र विपद् प्रकोपको समयमा समेत आफ्नो ज्यानको प्रवाह नगरी अग्रपंक्तिमा खटिदै आफ्नो भूमिका निर्वाहमा कटिबद्ध रहेर सांगठानिक विकास तथा राष्ट्र र नागरिकको सेवा सुरक्षामा पुर्याएको योगदानको प्रशंसा गर्दै सशस्त्र प्रहरी महानिरीक्षक खनालले भ्रष्टाचार, मानवअधिकार र लैंगिक हिंसा लगायतका विषयमा संगठन शुन्य सहनशिलताको नीति अङ्किकार गर्दै अगाडी बढिरहेको बताउँदै सोको सबैले अनुशरण गरी सुशासन कायम राखी शान्ति सुरक्षाको माध्यमद्वारा समग्र राष्ट्रको विकासमा व्यक्तिगत स्वार्थभन्दा माथि रहेर सामुहिक भावनाकासाथ उच्च मोरालमा रहि व्यवसायिक कार्यसम्पादनमा जुट्न सकल दर्जाका राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुलाई समेत निर्देशन दिएका थिए।

**अल्पमतमा...**

थिए। त्यसका लागि विपक्षि गठबन्धनले सहमति दिन मानेनन्। त्यसपछि सत्तापक्षका सांसदहरु बैठक छाडेर बाहिरिएका हुन्।

सदनमा बोल्दै प्रमुख विपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता विरेन्द्र कनोडियाले सरकार अल्पमतमा रहेकाले बजेट अवैध भएकाले पारित नहुने बताएका थिए। विपक्षी गठबन्धन नेकपा (माओवादी केन्द्र), नेपाली कांग्रेस, जनता समाजवादीको उपेन्द्र यादव समूह र राष्ट्रिय जनमोर्चाले बजेटको विपक्षमा मतदान गर्ने निर्णय गरेका थिए।

८३ सदस्यीय प्रदेश सभामा एमालेका ३८ र जसपाका तीनजना गरी ४१ जना सांसद छन् भने विपक्षमा नेपाली कांग्रेसका १९, माओवादी केन्द्रका सभामुख सहित १९, जसपाका ३ जना र राष्ट्रिय जनमोर्चाका १ जना गरी ४२ जना छन्। आजको बैठकमा सत्ता पक्षका सांसद अजय शाही बिरामी भएर अनुपस्थित भएकाले सरकारको पक्षमा बहुमत नपुग्ने सत्तापक्षले देखेको थियो। सोही कारण सत्तापक्षका सांसद बैठकबाट बाहिरिएको विपक्षी गठबन्धनले बताएको छ।

उता मुख्यमन्त्री पोखरेलले बजेटमा सहमतिमा आउन आग्रह गर्दै आफूले विश्वासको मत लिने बताएका थिए। सदनमा उठेका प्रश्नहरुको जवाफ दिने क्रममा उनले विश्वासको मत लिन तयार रहेको भन्दै बजेटमाथि एकपटक छलफल गर्न आग्रह गरेका थिए।

पोखरेलले भने, 'विश्वासको मत लिन म तयार छु। त्यसपछि के गर्ने भन्ने कुरा हो, त्यसमा गम्भीर हुनुहोस्। अहिलेको सरकार १६८ को १ अन्तर्गतको हो। मत लिंदा २ अनुसार नभए ३ मा जान्छ। ३ बनाउने अवस्था नआएकै राम्रो। त्यसपछि उपधारा ५ मा गएर चुनावमा जानुपर्छ। त्यसमा मेरो रुची छैन।' उनले बजेटलाई असफल नगराउन विपक्षीलाई पटक-पटक आग्रह गरेका थिए।

साउन १ गते अगावै बजेट पारित गरिसक्नुपर्ने संवैधानिक बाध्यता भएकाले सरकारलाई अब बजेट पारित गर्न संकट परेको छ। सत्तापक्षले बजेटमा प्रतिपक्ष सहमतिमा नआउँदासम्म सदन नचल्ने अडान लिएको छ। मुख्यमन्त्री पोखरेल प्रदेश सभाबाट बाहिरिइसकेपछि ५ बजे आधा घण्टाका लागि स्थगित भएको थियो।

सत्तापक्षले बहिस्कार गरेपछि रोकिएको लुम्बिनी प्रदेश सभाको बैठक शुक्रबार दिउँसो १ बजेसम्मका लागि स्थगित भएको छ। सभामुख पूर्णबहादुर घर्तिको निर्देशन अनुसार सूचना टाँस गरी शुक्रबार १ बजेसम्मका लागि स्थगित प्रदेश सभा सचिवालयका सचिव दुर्लभकुमार पुन मगरले जानकारी दिए।

८३ सदस्यीय प्रदेश सभामा अहिले नेकपा (एमाले)को पक्षमा तीन जना जसपाको महन्थ ठाकुर पक्षकासहित ४१ र विपक्षी गठबन्धनमा सभामुखसहित ४२ जना छन्। एमालेको सूर्य चिन्ह लिएर नवलपरासीको निर्वाचन क्षेत्र नं. १ (२)बाट निर्वाचित (हृदयेश त्रिपाठी) समूहका अजय शाही बिरामी परेको भन्दै अनुपस्थित भएपछि सरकारको बजेट पास नहुने देखिएको थियो। सत्ता पक्षले लामो समयदेखि सहमतिमै बजेट पारित गर्ने प्रयास गरेपनि अन्तिम समयमा आएर सरकार पक्षको प्रयास सफल हुन नसकेको हो।

**कर्णालीमा...**

सत्तापक्षकै सिटमा बस्न दिनुपर्छ भन्दै एमालेलाई मनाउन खोज्यौं, तर उहाँहरूले मान्नुभएन" सत्ता पक्षका एक सदस्यले भने, "मन्त्रीहरू सभामा आए बजेट ल्याउनै नदिने धम्की दिएपछि बजेट ल्याउने दिन पनि मन्त्रीलाई सभाबाहिरै बस्नुपऱ्यो।"

आफ्नो दलका मन्त्रीहरु फिर्ता नभएपछि एमालेले संविधान, लोकतन्त्र र संसदीय मर्यादा विपरीत सरकार गठन भएको भन्दै प्रदेशसभा अवरोध गर्दै आएको छ। नेकपा संसदीय दलका प्रमुख सचेतक गुलाबजङग शाहले सर्वोच्चको अन्तरिम आदेश र सभामुखले नेकपा एमाले प्रदेशसभा दलको सदस्यको हैसियतमा कायम हुनगरेको स्लिङ्ग कार्यान्वयन गरेकोले बजेटमाथि छलफल हुन नसकेको र सरकारले अध्यादेशमार्फत बजेट ल्याउने मनसायले यो अवस्था आइपुगेको आरोप लगाए।


## साउदीमा रोजगार | कम्पनी : ROZA MARBLE AND STONE FACTORY

शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०३/०६ | चलानी नं.: ६०१५८८९९ | L.T. No.: 241203 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Whole vehicle Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५७,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन ८ गते (23 July 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७०० /- कामदारले तिर्ने | रु. १,५०० /- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुनेछ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सात पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला। ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुनेछ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Govt. Lic. No. 1035/072/073

**Lulu International Pvt. Ltd.**

Samakhushi-29, Kathmandu, Tel: 01-4387319, 4351637

Mob.: 9851083549, 9841301232, 9818065184

# सुरक्षित बन्दै डोल्पाको दुनै बजार, फेरिंदै मुहार

**रूपक कुलाल/मध्यान्ह**
दुनै (डोल्पा), ३१ असार



कर्णाली प्रदेशको हिमाली जिल्ला डोल्पाको सदरमुकाम दुनैमा भौतिक पूर्वाधार निर्माणले बजारको मुहार फेरिँदै गएको छ ।ठूली भेरी नदीको किनारमा रहेको सुन्दर दुनै बजार व्यवस्थित देखिन थालेको छ। समुद्री सतहबाट करिब २ हजार मिटरको उचाइमा रहेको डोल्पाको सदरमुकाम दुनै बजार नेपालको सबैभन्दा जोखिमको सदरमुकाम मध्ये एक हो ।

करिब ५ सय घर परिवार रहेको ठूली भेरी नदीको किनारमा अवस्थित दुनै बजारमा ३ हजारभन्दा बढी मानिसको बसोबास रहेको छ। दुनै बजार हेर्दा जति सुन्दर देखिए पनि त्यहाँका मानिसहरुको जीवन भने कष्टकर रहेको छ ।

डोल्पावासीको अनेकौँ पिरको कथा र पीडा रहेका छन् । सदरमुकाम दुनैका बासिन्दाहरूलाई वर्षायाम लागेसँगै ठूली भेरी उर्लेर आउने त्रासले सताइरहेको हुन्छ । अहिलेसम्म भेरी नदीले दुनै बजारका धेरै घर बगाइसकेको छ । बाढीले बगाएर कतिको मृत्यु भएको छ भने कतिपय बेपत्ता हुने गरेका छन् ।

दुनै बजारको यस्ता अकल्पनीय प्राकृतिक जोखिमलाई समाधान गर्न अहिले भने केही दुर्गामी प्रयास शुरु भइरहेको छ। वर्षायाम लागेसँगै शुरु हुने निरन्तरको बाढीले ठूलो संख्यामा मानवीय र भौतिक संरचना क्षति हुने समस्याबाट छुटकारा पाउन डोल्पा सदरमुकाम दुनै बचाउ कार्यक्रम शुरु गरिएको थियो ।

नेपाल सरकार उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले तीन चरणमा काम सम्पन्न गर्ने गरी १ अर्ब बजेट विनियोजन गरेर आयोजनाको डीपीआर तयार पार्ने काम भएको थियो ।

पहिलो चरणमा करिब २८ करोडमा कन्काई थोदुङ्ग जेभी निर्माण कम्पनी डोल्पाका प्रतिनिधि महावीर पुनसँग २०७४ भदौमा ठेक्का सम्झौता गरी आयोजनाको निर्माण कार्य शुरु गरिएको थियो ।

जसअन्तर्गत सदरमुकामको दुबैतिर तारजाली भरेर तटबन्ध निर्माण गरिएको थियो। आयोजनाको दोस्रो चरणको काम अन्तर्गत २०७७ फागुन ३० मा कान्छाराम थोदुंग क्याराभान जेभीसँग करिब ५८ करोडमा ठेक्का सम्झौता गरी ११ सय ३५ मिटर मेसिनरी वाल, ग्यावीन र चेक ड्याम निर्माणको काम अहिले तीव्र गतिमा भइरहेको छ ।

दुनै बजारलाई बाढीपहिरोबाट सुरक्षित बनाउन निकै जोडबल गरेपछि मात्र योजनामा परेको प्रतिनिधिसभा सदस्य धनबहादुर बुढाको भनाइ छ। निर्माण सम्पन्न भएपछि दुनै बजारको मुहार फेरिने मात्र नभइ बजार सुरक्षित शहर हुने सांसद बुढा दाबी गर्छन् ।

नेपाल सरकारको महत्वपूर्ण आयोजनाको रुपमा रहेको यस आयोजनाको कामको गुणस्तर हेर्न गत चैत १८ गते जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव मधुसुदन अधिकारी, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक मधुकर प्रसाद राजभण्डारी, विभागका सह-सचिव विष्णुदेव यादव, इन्जिनियर विरेन्द्रकुमार यादव, शाखा अधिकृत कृष्ण गिरी र इन्जिनियर मुकेश पाठकसहितको टोलीले अनुगमन तथा निरीक्षण समेत गरेको थियो ।

अनुगमन टोलीले निर्माण कार्य डीपीआर अनुसारको गुणस्तरयुक्त काम भइरहेको प्रतिक्रिया दिँदै कामको प्रशंसासमेत गरेको थियो। अनुगमनका क्रममा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव मधुसुदन अधिकारी राज्यको लगानीको राम्रो सदुपयोग भएको बताए। दुनै बजार सुरक्षित हुनेमा आफू ढुक्क रहेको अधिकारीले बताए ।

यस्तै सिँचाइ विभागका महानिर्देशक मधुकर प्रसाद राजभण्डारीले डोल्पाको सदरमुकाम दुनै बजार क्षेत्र बचाउन आयोजनालाई उच्च प्राथमिकतामा राखेको बताए । उनले निमार्णको काम भइरहेकाले स्थानीयवासीलाई नआत्तीन आग्रह गरेका थिए। सिनियर डिभीजनल इन्जिनियर विरेन्द्रकुमार यादवले भने राज्यको एक अर्ब रकम बराबरको लगानी भएको कामको निरीक्षणका लागि आफूहरु नियमित जाने गरेको बताए ।

अनुगमनका क्रममा मसला, तारजाली र आर.सी.सी.को नमुना संकलन गरेर परीक्षण गर्ने काम पनि हुँदै आएको र हालसम्म कुनै समस्या नदेखिएको उनको भनाइ थियो ।

'क्वालीटी र क्वान्टिटीमा समस्या फेला परे तत्काल कारबाही गरिने छ', इन्जिनियर यादवले भने, 'तीव्र गतिमा निरन्तर काम भइरहेको आयोजनाको हाल सम्म ८० प्रतिशत काम सम्पन्न भइसकोले चाँडै नै आयोजना सम्पन्न हुने छ ।'

स्थानीयतहमा यस आयोजनाको विषयमा विभिन्न राजनीतिक दलहरुले विरोध समेत गरेका थिए । नदिजन्य पदार्थको उत्खनन गरेको भनेर चौतर्फी आलोचना समेत भएको थियो ।ठूली भेरी नगरपालिका-३ मा पर्ने दुनै बजारमा संचालन भइरहेको आयोजनाको बारेमा स्थानीयवासी र स्थानीय जनप्रतिनिधिहरुको प्रतिक्रिया लिँदा वडा नं. ३ का वडाध्यक्ष अर्णबहादुर न्यौपाने दुनै बजार संरक्षणका लागि सरकारले खेलेको भूमिका प्रशंसनीय रहेको बताए ।

वर्षौंदेखि त्रासमा बाँचिरहेका जनताको जिउधनको सुरक्षाका लागि भएको आयोजनाको काम राम्रो भएको उनले बताए । आफूहरुले दैनिकजसो अनुगमन गरेको र दुनै बचाउ अभियानमा भइरहेको कामको स्वागत र समर्थन गरेको वडाध्यक्ष न्यौपानेले बताए। दुनै बजारका स्थानियवासीहरुले समेत पहिले भन्दा अहिले धेरै सुरक्षित महसुस गरेको बताएका छन् । वर्षौंदेखिको त्रास अब भने हट्ने आशा पलाएको स्थानीयवासी बताउँछन् ।

आयोजनाको ठेकेदार कम्पनीका ठेकेदार मनवीर पुनले अहिलेसम्म ८० प्रतिशत काम सम्पन्न भएको दाबी गरेका छन् । निर्माण व्यवसायी पुन अहिले मेसिनरी वाल, ग्याविन भर्ने काम र चेक ड्याम निर्माणको काम धमाधम भइरहेको बताउँछन् । आफूहरुले गरिरहेको कामको क्वालिटी र क्वान्टिटीमा कुनै समस्या नभएको पुनले बताए।

कुनै कमजोरी भेटिए आफू कारबाही भोग्न तयार रहेको पुनको भनाइ थियो । डोल्पा जिल्लाका सरोकारवाला निकायदेखि दुनै बजारका स्थानीयवासीले दास्रो चरणको कामको प्रशंसा गरिरहेका छन् । वर्षौंदेखि तारजाली भर्ने काम भएकोमा यसपाली बनिरहेको मेसिनरी वालको कामले दुनै बजार सुरक्षित, सुन्दर र व्यवस्थित हुने अपेक्षा स्थानीयवासीले गरेका छन्।

राज्यले १ अर्ब लगानी गरेको डोल्पा सदरमुकाम दुनै बजार बचाउ अभियान डोल्पाको एक नमूना योजनाको रूपमा रहेको छ । यसले डोल्पाको विकास र डोल्पाली जनताको भविष्य सुरक्षित बनाउने विज्ञहरुको विश्वास छ । यदि यो योजनाले सफलता पाए डोल्पामा राज्यको लगानी समेत बढ्ने देखिन्छ ।

# बुटवलका सुत्केरीलाई पोषण सामग्री

**आचार्य प्रदीप/मध्यान्ह**
बुटवल, ३१ असार

रुपन्देहीको बुटवल उपमहानगरपालिकाले विपन्न समुदायका गर्भवती तथा सुत्केरीलाई पोषिला खाद्य सामग्री वितरण गरेको छ । महामारी विरुद्धको अभियानमा महिला, ज्येष्ठ नागरिक र बालबालिकाको सुरक्षामा विशेष चासो राखेको उपमहानगरले सुत्केरीलाई पोषण सामग्री प्रदान गरेको हो ।

सुत्केरीलाई पोषणयुक्त तत्वको अभाव हुन नदिन र शिशुको समेत स्वास्थ्यमा हेरचाह पुर्याउन भन्दै आवश्यक स्वास्थ्य निगरानीसहितको यो कार्यक्रम सञ्चालन गरिएको उपमहानगरपालिकाका प्रमुख शिवराज सुवेदीले मध्यान्हलाई बताए । मातृशिशु, महिला, गर्भवती, बालबालिकादेखि हरेक उमेर समूहलाई लक्षित गरी विश्वसनीय, जवाफदेहीपूर्ण र प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यले जनस्वास्थ्यका क्षेत्रमा संवेदनशील भएर लागिएको प्रमुख सुवेदीको भनाइ छ ।

बुटवलले उपप्रमुख गर्भवती तथा सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन गर्दै आएको छ । यो कार्यक्रममा उपप्रमुख गुमादेवी आचार्य आफै स्वास्थ्यकर्मीहरु लिएर सुत्केरी तथा गर्भवती महिलाको टोल एवम् पायक पर्ने उपमहानगरकै स्वास्थ्य संस्थामा पुगेर पोषण सामग्री प्रदान गर्दै आएकी छन् । नगरका विपन्न समुदायका सुत्केरी तथा गर्भवतीलाई स्वास्थ्य सुरक्षाका जानकारी, ल्याबसहितको निःशुल्क स्वास्थ्य चेकजाँच र पोषण सामग्री प्रदान गरिरहेको उपप्रमुख आचार्यले बताइन् । बुद्धनगरस्थित शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र र सेमलारको स्वास्थ्य केन्द्रमा हालै संक्षिप्त कार्यक्रमका बीच उपप्रमुख आचार्यले ६० जनालाई पोषण सामग्री प्रदान गर्दै कार्यक्रमको सुरुआत गरिएको थियो । नगरका विभिन्न वडामा रहेको उक्त लक्षित समूहका करिब दुई सय ३० जना सुत्केरीलाई पोषण सामग्री प्रदान गरिने छ । महानगरका जनस्वास्थ्य अधिकृत उमा थापाको नेतृत्वमा स्वास्थ्यकर्मीहरु कल्पना पौडेल भट्टराई, गीतादेवी पाण्डे, पुजन ज्ञवाली र राजेश गिरीलगायतले स्वास्थ्य चेकजाँच र आवश्यक स्वास्थ्य सल्लाहका लागि उपप्रमुखसँगै फिल्डमा खटिएका थिए ।

बुटवलले यसअघि लकडाउनको अवधिमा पनि आर्थिक रुपमा विपन्न तथा श्रमिक परिवारका ८१ जना गर्भवती तथा सुत्केरीको घरमै पुगेर सेवा दिएको थियो । गर्भवती र सुत्केरीलाई क्याल्सियम, आइरन, आयुर्वेदिक औषधि, घ्यू, मेथी, ज्वानो, चामललगायतका पौष्टिक आहार उपलब्ध गराइएको छ । त्यसैगरी स्वास्थ्यकर्मीबाट स्वास्थ्य जाँच र परामर्शसमेत दिइँदै आएको उपप्रमुख आचार्यले मध्यान्हलाई जानकारी दिइन्।

गर्भवती र प्रसूति अवस्थाका साथै बच्चा दुई वर्षको हुँदासम्म दूध, घ्यू, मासु, अण्डा, सागलगायत पोषिला खानेकुरा खानुपर्ने सन्देश पुर्याउन सो कार्यक्रम सञ्चालन भएको थियो। गर्भवती र सुत्केरीका परिवारका सदस्यलाई पोषिला खानेकुरा खुवाउन, जोखिमयुक्त काममा नलगाउन र तनावमुक्त वातावरण बनाउन सहयोगका लागि परामर्शसमेत दिइएको प्रवक्ता रामप्रसाद रेग्मीले बताए ।

# पाल्पामा निषेधाज्ञा साउन १० सम्म थपियो

**बिकाश काफ्ले/मध्यान्ह**
पाल्पा, ३१ असार

पाल्पामा जारी निषेधाज्ञालाई केही खुकुलो बनाउँदै थप गरिएको छ । जिल्ला कोभिड संकट व्यवस्थापन समितिको बैठकले गत बैशाख १६ गतेदेखि जारी लकडाउनमा केही प्रावधानमा खुकुलो बनाएको हो ।

समितिको बैठकले यस अघि बन्द रहेको सार्वजनिक यातायातलाई जोर विजोर आधारमा जिल्ला भित्र संचालन गर्ने, सबै खालका व्यवसायहरु ५ बजेसम्म संचालन गर्ने लगायतका निर्णय गरेको छ । यस अघि पसल व्यवसायहरु बिहान ७ बजेदेखि ३ बजेसम्म खुल्दै आएको थियो । पाल्पामा जारी निषेधाज्ञालाई साउन १० गतेसम्म लम्वाइएको पाल्पाका प्रमुख जिल्ला अधिकारी योगेन्द्र प्रसाद पाण्डेयले जानकारी दिए ।

पाण्डेका अनुसार सार्वजनिक यातायातहरु जोर विजोर आधारमा खुल्नेछन्, यस्तै व्यवसायहरु विहान ७ बजेदेखि दिउँसो ५ बजेसम्म संचालन हुनेछन्, अन्य धार्मिक कार्यक्रम, सभा, सम्मेलन, गोष्ठी लगायतका भिडहुने कार्यक्रम गर्न भने बन्देज लगाइएको छ ।

आदेश पालना नगर्ने जो कोहीलाई पनि संक्रामक रोग ऐन तथा कोभिड संकट व्यवस्थापन अध्यादेश २०७८ अनुसार कारवाही हुने समेत उनले बताए ।


## कर्मचारी आवश्यकता

एक प्रतिष्ठित एग्रो फर्मको लागी निम्न कर्मचारीहरु चाहियो ।

**डेलिभरी ब्वाय-२ जना**

**फर्ममा बस्ने कर्मचारी-२ जना**

तलब : खान बस्नको सुबिाधा सहित
मासिक १५,०००/- देखी २०,०००/-

प्रोगेसिभ युथ एग्रो फर्म एण्ड रिसर्च सेन्टर प्रा. लि.
साँपाटार-१३, चुनीखेल, बुढानिलकण्ठ, काठमाडौं
सम्पर्क : ९८५१००२९९६, ९८६०३०६१००



## कतारमा रोजगारको अवसर

१. कम्पनी : ALZAIN JEWELLERY — शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७८/०३/३१ चलानी नं.: ६०१६०१९८ L.T. No.: 242409

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Jewelry Maker | 1 | 0 | | 2100 | ६८,६४९ | | | | | | | |

२. कम्पनी : METAL TRADING & CONTRACTING — शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७८/०३/३१ चलानी नं.: ६०१६०१९९ L.T. No.: 242408

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | स. काममा दक्ष | 1000 | ३२,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन ८ गते (23 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १०७७/०७३/०७४
**Mac International Manpower Pvt. Ltd.**
Tinkune-32, Kathmandu | Tel :01-4489920, 4489970 | 9813591490 & 9861898159
Email: macintlmanpower@gmail.com, Webside : www.macintlmanpower.com



## Qatar मा रोजगार

कम्पनीको नाम : The Matte for Cars
पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०७८/०२/१६ चलानी नं. ६०१५८५२३ LT.No. 240536

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Labourer | 01 | काममा दक्ष | 1000 | ३१,६४५/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २ | Accountant (Gen.) | 01 | | 3600 | १,१३,९२२/- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०७८ साउन ८ गते (Jul. 23, 2021) यस प्रा. लि. को कार्यालय मित्रपार्क, चावहिलमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट जराईएको जानकारी: [illegible]

Govt. Lic: 568/062/63
**Euro-Asia Employment Service Pvt. Ltd.**
Mitrapark-7, Chabahil, Kathmandu, Tel : 01-4494197



## Qatar मा रोजगार

The Diplomatic Club
पुनः विज्ञापन । पूर्व स्वीकृति मितिः २०७७/१०/१२ चलानी नं. ६०१५४२५४ LT No.: 235727

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Gen Clean Worker | 40 | [illegible] | 1000 | ३१,५७८/- | [illegible] | ८ घण्टा | ६ दिन | [illegible] | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु. १०,०००/- कामदार आफैले |

अन्तरवार्ता २०७८ साउन ७ गते (Jul. 22, 2021) यस प्रा. लि. को कार्यालय, बालुवाटार, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट जराईएको जानकारी: [illegible]

**कन्टिनेन्टल एच. आर. डी. कन्सल्टेन्ट्स प्रा. लि.**
बालुवाटार, काठमाडौं, नेपाल, फोन: ४४५५५५०, ४४३०००३



## कतार र साउदीमा रोजगार

१. कम्पनी: AL EDARI ENGINEERING & SERVICES — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/03/२२ चलानी नं.: ६०१५९७९८ LT.No.: 242053 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | स. काममा दक्ष | 1000 | ३२,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : AL MAJAL SERVICE MASTER COMPANY — शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०७८/03/१० चलानी नं.: ६०१५९१६३ LT.No.: 241488 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 60 | 0 | | 1800 | ५७,१३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन ८ गते (23 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | [illegible] |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : [illegible]

**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



## साउदीमा रोजगारको अवसर

कम्पनी: MASTOURA CONTRACTING CO.LTD — शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०७८/०१/०५ चलानी नं.: ६०१५७५३६ LT. No.: 238995 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labor | 21 | 0 | स. काममा दक्ष | 1000 | ३१,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन ८ गते (23 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

